मिति २०७६ साल चैत्र १७ गते प्रमुख जिल्ला अधिकारी श्री रुद्रादेवी शर्मा ज्यूको संयोजकत्वमा बसेको कोरोना भाइरस रोकथाम तथा नियन्त्रण समन्वय समितिको बैठकबाट भएका:

निर्णयहरु

- सबै गाउँपालिका/नगरपालिका तथा वडाहरुले अनिवार्य रुपमा ५० वटाको दरले क्वारेन्टाइन कक्ष निर्माण गरी संचालन गर्ने ।
- क्वारेन्टाइन कक्ष सञ्चालन गर्दा मापदण्ड बमोजिम निर्माण गर्ने । मापदण्डको समन्वय जिल्ला स्वास्थ्य कार्यालयले गर्ने ।
- सबै Health post र अस्पतालहरुमा मापदण्ड अनुरुप Isolation bed स्थापना गर्ने ।
- भारत लगायत तेस्रो मुलुकबाट आउने व्यक्तिहरुलाई अनिवार्य रुपमा क्वारेन्टाइनमा राख्ने व्यवस्था सम्बन्धित पालिकाले गर्ने ।
- भारत र तेस्रो मुलुकबाट यस जिल्लामा प्रवेश गरेका व्यक्तिहरुको सबै पालिकाबाट विवरण संकलन गरी जिल्ला जनस्वास्थ्य कार्यलयले जिल्ला प्रशासन कार्यालयमा उपलब्ध गराउने ।
- सबै पालिकाहरुमा स्थापना भएका क्वारेनेटाईन, Isolation bed, Help Desk, विरामीको संख्या, स्वास्थ्य सामग्रीहरुको विवरण जनस्वास्थ्य कार्यालयले जिल्ला प्रशासन कार्यालयमा हरेक दिन प्रतिवेदन गर्ने ।
- एम्बुलेन्सलाई आवश्यक परेको समयमा संचालनमा तयारी अवस्थामा राख्ने, आवश्यक परेको ग्लोब्स, मास्क सहित सुरक्षित संचालनको लागि स्थानीय तहले व्यवस्था मिलाउने ।
- जिल्ला जनस्वास्थ्य कार्यालयले जिल्ला अस्पताल रामेछापमा Tole Free सेवा स्थापना गरी स्वास्थ्य सम्बन्धी सूचना प्रदान गर्ने ।
- स्वास्थ्य कार्यालयले रोग नियन्त्रणका लागि आवश्यक उपकरण औषधी लगायतका सामाग्रीको तत्काल व्यवस्था गर्ने ।
- स्थानीय तहले प्रहरीको समन्वयमा वडा स्तरमा दुध, तरकारी, फलफुल लगायत अन्य खाद्यन्नबस्तु विक्रि वितरण गर्ने पसलहरुमा भीडभाड नहुने, मास्क र स्यानिटाइजनको प्रयोग गर्ने र ग्राहकहरु बीच भौतिक दुरी न्यूनतम १ मिटर कायम हुने गरी सञ्चालन र सहजीकरण गर्ने ।
- आपूर्ति व्यवस्थापनको नेतृत्व स्थानीय तहले लिने। आपूर्ति व्यवस्थापनलाई सहज बनाउन प्रत्येक वडाका वडा अध्यक्षको संयोजकत्वमा स्थानीय प्रहरीको प्रतिनिधित्व हुने गरी समिति गठन गर्ने ।
- वडास्तरीय समितिले आफ्नो वडा भित्र रहेका हालको स्थितिमा रोजगारीको अभावमा गुजारा चलाउन नसक्ने व्यक्तिहरुको लगत संकलन गर्ने ।
- स्टोर वा विक्रेताले विक्रि गर्दा न्यूनतम दैनिक उपभोग्य बस्तुहरु रहने गरी Combo Package बनाई विक्रि वितरण गर्ने ।
- हालको स्थितिमा रोजगारीको अभावमा गुजारा चलाउन नसक्ने व्यक्तिहरुलाई वडास्तरीय समितिले सहयोग स्वरुप न्यूनतम दैनिक उपभोग्य बस्तुहरुको Package उपलब्ध गराउने । सहयोगको Package बनाउँदा ४ जना सम्म सदस्य भएको परिवार र ४ जना भन्दा बढी सदस्य भएको परिवारलाई पुग्ने गरी २ प्रकारको बनाउने ।
- कुनै निकाय/संघ/संस्था/व्यक्तिले सहायता दिन चाहेमा सम्बन्धित स्थानीय तहमा सम्पर्क राख्नु पर्ने । स्थानीय तहले तोकेको मापदण्ड अनुसारका सहयोग समाग्रीहरु भएमा मात्र स्थानीय तहले स्वीकार गरी वडा स्तरीय समिति मार्फत वितरण गर्ने । सो को विवरण अनिवार्य रुपमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा पठाउने ।
- सहायताको नाममा कसैले चन्दा उठाउन वा आफुखुशी सहायता वितरण गर्न नपाउने ।
- उद्योग बाणिज्य संघले बजारमा कृत्रिम अभाव सिर्जना गर्न, कालोबारी गर्न र आपूर्ति प्रणालीमा अवरोध नआउने व्यवस्था मिलाउने ।
- ग्यास डिलरहरुले ग्यास विक्री गर्दा एक परिवार एक सिलिण्डरको प्रक्रिया अपनाइ विक्री वितरण गर्ने ।
- विक्री गरिएको उपभोक्ताको नाम ठेगाना, नागरिकता नं.,फोन नं. लगायतको विवरण प्रष्ट खुल्ने गरी रेकर्ड राख्ने र जिल्ला प्रशासन कार्यालयलाई जानकारी गराउने ।
- व्यवसायीहरुले औषधी र औषधीजन्य सामाग्रीहरुको नियमित आपूर्तिको व्यवस्था गर्ने ।
- अभाव देखाई मुल्य वृद्धि गर्ने वा कालोबजारी, जम्माखेरी गर्ने वा लुकाउने, आपूर्ति अवरोध गर्ने व्यक्तिलाई कार्वाही गरिने छ ।
- मानिसहरु जमघट हुने स्थानमा निश्चित समयको अन्तरालमा सरसफाई एवं Disinfection स्प्रे गर्ने व्यवस्था सबै नगरपालिका/गाउँपालिकाले गर्ने ।